आज मिति २०८० वैशाख १० गतेका दिन यस पञ्चेश्वर गाउँपालिका बैतडीको आ.व. २०७९/०८० को द्वितिय चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम जीत मिडिया एण्ड इन्टरटेन्मेन्ट प्रालिको समन्वयमा गाउँपालिका अध्यक्ष श्री गोरख बहादुर चन्द ज्युको अध्यक्षता र तपसिलको उपस्थितिमा सम्पन्न गरियो

तपशील

१. (अध्यक्ष) गोरख बहादुर चन्द
२. (उपाध्यक्ष) बिना ग्रह
३. (प्र मुख्य प्रशासकीय अधिकृत) कृष्ण ब. बोहरा
४. दिवान सार्की (वडा अध्यक्ष वडा नं. १)
५. विरक चन्द (वडा अध्यक्ष -२)
६. मिन ब. चन्द (वडा अध्यक्ष -३)
७. जनक ब. चन्द (वडा अध्यक्ष -४)
८. नरेश चन्द (वडा अध्यक्ष -५)
९. रामसिंह पुजारा (वडा अध्यक्ष -६)
१०. बसन्ती साउद (अमीन
११. जानकी सोती (पशु प्राविधिक पाचौं)
१२. बिशन चन्द (कृषि अधिकृत)
१३. कालु सिंह बोहरा वडा सदस्य वडा नं ३
१४. राइजन राम सार्की (योजना शाखा)
१५. मोहन ब० चन्द (NNTV सम्वाददाता)
१६. रमेश राम तिर्वा (का.पा.सदस्य)
१७. लक्ष्मन चन्द वडा सदस्य
१८. राम ब० चन्द " "
१९. दिवान सिंह भण्डारी "
२०. कृपा चन्द
२१. पदम सिंह भण्डारी
२२. त्रिमल चन्द
२३. गोरख चन्द
२४. [illegible]
२५. सुरेश राम सार्की (कुलि व्यवस्थापन शाखा)

Date / /
Page No.

हरी कृष्ण तिवारी
तहबिर चन्द
राम सागर साउद स्वी.अ.प्र.
[illegible]
राजेन्द्र लाल चन्द
पुष्कर चन्द
रोजेन्द्र चन्द

३८. लाल बहादुर चन्द (प्रो.शि.II)
३९ जय बहादुर सिंह साउद (सदस्य)
कर्ण बहादुर चन्द
शुक्र बहादुर चन्द (पूर्व ...)
किशन चन्द
श्यामसे सिंह बोहरा
प्रेम राम सार्की (प्रा.स.प्र.अ.)
४० - हरीश भण्डारी (वडा सदस्य-६)
४१ - पदम गोकर्ण बोहरा (पत्रकार)
४२ - मैत्री इलेक्ट्रिक
४३ - प्रकाश चन्द भट्ट
४४ - दिपा लोहिया
४५ - नरेश चन्द
४६ - नरेन्द्र राम सार्की
४७ - लिला चन्द
४८ - भगा ओली वडा सदस्य महिला
४९ - राजेन्द्र शाह
५० - लक्ष्मी भट्ट
५१ - भाष्कर तिवारी
५२ - राकेश सार्की
५३ - दिपक सिंह बोहरा

Jeet Media & Entertainment PVT.LTD.

# पञ्चेश्वर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

# बैतडी

आर्थिक वर्ष २०७९/०८० दोश्रो चौमासिक सार्वजनिक सुनुवाई

कार्यक्रम प्रतिवेदन

जीत मिडिया एण्ड इन्टरटेन्मेन्ट प्रा.लि.

बैतडी

Jeet Media & Entertainment PVT.LTD.

CamScanner

सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधी अनुसार नेपाल सरकारको सार्वजनिक निकाय र नागरीकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्ने र त्यस्तो सम्वादबाट जनतालाई गाउंपालिकाको विकास निर्माण तथा सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारी र जवाफदेहीताको संस्कार बसाउन गरिने सार्वजनिक सुनुवाई कार्यक्रम बैतडी जिल्लाको पञ्चेश्वर गाउंपालिकामा मिति २०८० बैशाख १० गतेका दिन सम्पन्न गरीयो ।

- **सार्वजनिक सुनुवाई संयोजन गर्ने संस्था** - जीत मिडिया एण्ड इन्टरटेन्मेन्ट प्रा.लि.
- **ठेगाना** - दशरथचन्द नगरपालिका-४ बैतडी
- **सञ्चालक/व्यवस्थापक-** चन्द्र प्रकाश लोहिया
- **कार्यक्रम आयोजना स्थल** - पञ्चेश्वर गाउँपालिका ४ आमचोरा बैतडी
- **कार्यक्रम आयोजना गरिएको मिति** - २०७९ चैत वैशाख १० गते आइतबार
- **समय** - बिहान ११ बजेदेखी दिउँसो २ बजे सम्म
- **समयावधी** - ३ घण्टा
- **सहजकर्ता** - चन्द्र प्रकाश लोहिया, प्रकाश भट्ट
- **सुनुवाई गरिएका विषयबस्तु**

क) विकास निर्माण

ख) सार्वजनिक सेवा प्रवाह

ग) आर्थिक बर्ष २०७९-०८० को दोश्रो चौमासीक सम्मको आर्थिक प्रगती प्रतिवेदन बारे छलफल

घ) गाउँपालिकाका जनप्रतिनिधी र शाखागत कर्मचारीहरु संग सम्बन्धीत सबै विषय

- उठेका प्रश्न, जिज्ञासा र उत्तर

| **क्र.स.** | **प्रश्नकर्ता, गुनासो गर्ने वा सुझाव दिनेको नाम थर र ठेगाना** | **सहभागीको प्रश्न/गुनासो/सुझाव** | **जवाफ दिने पदाधीकारीको नाम थर ठेगाना** | **जवाफको छोटकरी व्यहोरा** |
|---|---|---|---|---|
| १. | नरेन्द्र चन्द (डडखेत) | गाउँपालिकाका बुढापाका मान्छेहरुलाई सामाजिक सुरक्षा भत्ता पाउन मुस्कील भैरहेको | गोरख बहादुर चन्द (गाउँपालिका अध्यक्ष) | सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण हुने सबै ठाउँको व्यवस्था हो । हामी मार्फत समयमै बैंकमा पैसा जम्मा हुन्छ । तर दुर्गम ठाउँका २वडाका व्यक्तिहरुलाई असहज पर्ने कुरा |

| | | | | |
|---|---|---|---|---|
| | | छ यसमा कसको कमजोरी हो ? खेलकूदको जिम्मेवारी गा.पा. बाहिरका युवालाई किन दिइयो ? गा.पा.मा युवा छैनन् र ? | | स्वभावीक हो । त्यसका लागि हामी वडा मार्फत नै वितरण गर्छौं र बैंकका कर्मचारीहरुको समय मिलेमा गाउँमै पुगाउने कोसिस गर्छौं । त्यो कति सम्भव हुन्छ हेरौं । तर बैंक मार्फत लाभग्राहीको खातामा समयमै रकम हालिने हुदाँ बैंकमा आएर भत्ता बुझ्न सकिन्छ । र खेलका लागि एक अनुभवी व्यक्तिलाई एक पटकको जिम्मेवारी दिएका हौं, अन्यथा केहि होइन् । |
| २. | लोकेन्द्र चन्द | जनप्रतिनिधीले विद्युतको ठेकेदार हुन पाइन्छ र ? | बिना भट्ट (गाउँपालिका उपाध्यक्ष) | मलाई विद्युतको ठेकेदार भन्ने गरिएको कुरा गलत हो । मेरो श्रीमानको होटल भएकाले ठेकेदारका मान्छे त्यहाँ बासबस्न आए । मैले जनप्रतिनिधि भएकाले केहि काममा सहज गरिदिएको हुँ । तर ठेकेदारले स्थानिय कामदारलाई पारिश्रमीक नदिदा समेत मैले पारिश्रमीक दिएको छु । म ठेकेदार बनेको होइन् । |
| ३. | बिरेन्द्र चन्द | गर्मा कृषि पाठशाला स्थापना गरेर केहि काम लागेर त्यहा भ्रस्टाचार मात्रै भयो भन्ने सुनिन्छ वास्तविकता के हो ? | गोरख बहादुर चन्द (गाउँपालिका अध्यक्ष) | हामीले पहिलो पटक निर्वाचित हुदाँ गर्मा कृषि पाठशाला स्थापना गरेर कृषि उपज पनि उत्पादन गर्ने र किसानलाई आधुनिक खेतिपाती सिकाउने योजना बनाएका हौं । त्यसमा सफल हुन सकेनौं । हामीले भ्रष्टाचार गरेका छैनौं यदि कसैले भ्रस्टाचार गरेको प्रमाण सहित पेश भएमा प्रचलीत कानुन अनुसार कारवाही हुन्छ । |
| ४. | नरेन्द्र चन्द | विद्युतको विषयलाई लिएर गाउँपालिका उपाध्यक्ष माथीनै कामदारले हातपात गर्ने अवस्था किन आयो ? विद्युत विस्तारमा काम गरेका कामदारले पारीश्रमिक कहिले पाउने ? | बिना भट्ट (गा.पा.उपाध्यक्ष) | मैले यस विषयमा विभिन्न संचार माध्यम बाट स्पष्टीकरण दिइसकेको छु । ठेकेदारबाट पैषा नपाएको झोकमा मलाई कुटपीट गरिएको हो । ठेकेदारले कामदारलाई पैषा नदिएको कुरा सत्य हो । म पनि पटक पटक ठेकेदारलाई कामदारको पैषा तिर्न आग्रह गरिरहेकी छु । तर ठेकेदारको म संग चिनजान भएकै आधारमा मैले पैषा दिनुपर्ने भन्ने होइन् । जनप्रतिनिधीको नाताले भुमिका खेल्दै छौं । छिट्टै पैषा दिन्छु भनेको छ । दिन्छ होला, नदिएमा अन्य कारवाही प्रकृयामा जाने कुरा छदैंछ । |
| ५. | नरेन्द्र चन्द | गाउँपालिकाको एम्बुलेन्स नै बिरामी भएको भन्ने सुनिन्छ । बिरामीलाई बोक्ने साधन कसरी बिरामी भयो ? नँया किन्ने की नकिन्ने ? | गोरख बहादुर चन्द (गाउँपालिका अध्यक्ष) | गाउँपालिकालाई प्रदेश सरकारबाट एम्बुलेन्स पाइएको थियो । तर त्यो गुणस्तरीय थिएन । त्यसमा अत्याधिक तेल खर्च हुने र मर्मत गरिराख्नुपर्ने भएकाले प्रदेश सरकारलाई नै फिर्ता गरेका हौं । नयाँ किन्नका लागी प्रकृयामा जानुपर्छ । करिव १बर्ष समय लाग्छ । त्यसपछी गाउँपालिकाकै एम्बुलेन्स खरिद गरेर सञ्चालनमा ल्याउनेछौं । |
| ६. | पदम सिंह भण्डारी | वडा न.६ मा वडा सचीव छैनन् । भएकाले काम किन गर्दैन् ? | कृष्ण बहादुर बोहरा (प्रमुख प्रशासकीय | वडा न. ५ र ६का लागि एकै जनालाई जिम्मेवारी दिएकाले काममा केहि समस्या आएको स्वभावीक हो । तर पनि काम अवरुद्ध |

Jeet Media & Entertainment PVT.LTD.

| | | | | |
|---|---|---|---|---|
| | | | अधिकृत) | भएको गुनासो अहिले थाहा पाएँ । हामीले नयाँ कर्मचारी पनि माग गरेका छौं । नयाँ कर्मचारीहरु आएमा कर्मचारी अभावले भएको समस्या समाधान हुनेछ । |
| | दिलिप चन्द | छात्रवृत्ति पाउन समस्या भैरहेको छ । शैक्षीक सत्रको १३ महिना सम्मपनि छात्रवृत्ति किन पाइएन् ? | महामल सिंह घटाल (शिक्षा साखा प्रमुख) | जिज्ञासाका लागि धन्यवाद । हामीले छात्रवृत्ति वितरण गर्न ढिलाई गरेका छैनौं । विद्यार्थीका लागि आएका छात्रवृत्तिकनो रकम समयमै सम्वन्धीत विद्यालयले वितरण गरिरहेको छ । एक भन्दा बढी शिर्षकमा त्यो रकम आउने र वितरण हुने हुदाँ सोहि अनुसार वितरण भएको छ । आगामी दिनमा केहि समस्या आएमा समाधान गरिनेछ । अहिलेसम्म त्यत्रो ढिलाइभएको छैन् । |
| | राजेन्द्र चन्द (वडा न.६) | बैंक कार्यालय जनप्रतिनिधीको घरमा राख्ने की गाउँपालिका नजिक राख्ने ? | बिना भट्ट (गाउँपालिका उपाध्यक्ष) | बैंक गाउँपालिका भित्रै स्थापना गर्नुपर्ने हो । भएको छ । तर मेरो घरमा राखेको भन्ने आरोप त्यति सान्दर्भिक ला |
| | ज्ञान चन्द | गाउँपालिकामा ५करोड बढी बेरुजु कसरी आयो । यतिधेरै भ्रष्टाचार भएको हो की ? | कृष्ण बहादुर बोहरा (प्रमुख प्रशासकीय अधिकृत) | बेरुजु आउनु भनेको सबै भ्रष्टाचार भएको भन्ने होइन् । काम गर्ने क्रममा केहि कागजात कम पुगेको, पेष्की दिइएको, कागजात इन्टरनेट मार्फत अपडेट नभएको कारण हो । त्यसका लागि काम कारवाही अघि बढाएका छौं । हाम्रो ३ करोड बढी रकमको फाइल इन्टरनेट मार्फत अपलोड गर्नुपर्नेमा प्राविधिक कारणले हुन सकेन् । त्यो काम गर्ने बित्तिकै बेरुजु घट्छ । |
| ०. | सुरेन्द्र चन्द | गाउँपालिकामा १० सइयाको अस्पताल बनाउने बिषयमा किन सुनुवाई भएको छैन् । | कृष्ण बहादुर बोहरा (प्रमुख प्रशासकीय अधिकृत) | गाउँपालिकामा १० सइयाको अस्पताल बनाउन हामी प्रकृयामा गैसकेका छौं । ठेक्का आह्वान भएको छ । अब केहि समयमै निर्माण कार्य सुरु हुनेछ भने, त्यो काम द्रुत गतिमा अघी बढ्नेछ । |
| १. | गम्भीर चन्द | २०७४को चुनावकै बेला गाउँपालिकामा विद्युतिकरण गर्ने भनिएकोमा दोश्रो कार्यकालमा पनि विद्युतिकरण हुन्छ की हुदैंन् ? | गोरख बहादुर चन्द (गाउपालिका अध्यक्ष) | विद्युतिकरणको सवालमा हामीले सुरु देखीनै काम गरेका हौं । अन्य ठाउँको भन्दा बढी बजेट ल्याउन सफल भएका हौं । तर ठेकेदारको लापरवाहीका कारण काम पुरा हुन सकेन् । मेलौलीमा शव स्टेशन बनेपछी विद्युतीकरणको काम सकिने कुरा पनि छ । ठेकेदारलाई अझै ताकेता गरि थप जिम्मेवार बनाएर काम गर्नेछौं । र गाउँपालिकामा देखिएका सबै समस्याहरु हामी माझ ल्याउन, सुझाव दिन र प्रश्न सोध्न आग्रह गर्छु । स्थानियबासीको सुझाव अनुसार अघि बढ्ने छौं । |

प्रतिवेदन पेस गरेको मिति : २०८० वैशाख १४ गते

सार्वजनिक सुनुवाई संयोजक : चन्द्र प्रकाश लोहिया

Jeet Media & Entertainment PVT.LTD.

CamScanner



CamScanner




CamScanner

# बर्हिगमन अभिमत

**१. पञ्चेश्वर गाउँपालिका र गाउँपालिका अन्तरगतका निकायहरु पारदर्शी छन् भन्ने कुरामा कति सन्तुष्ट हुनुहुन्छ ?**

क) सन्तुष्ट ८३ प्रतिशत ख) ठिकै १३ प्रतिशत ग) असन्तुष्ट ४ प्रतिशत

**२. सेवा दिने कार्यालयको कार्यप्रणाली र प्रकृया कस्तो छ ?**

क) अति सरल ७६प्रतिशत ख) ठिकै १८प्रतिशत ग) जटिल ६ प्रतिशत

**३. विकास निर्माण सम्बन्धी योजनाहरु जनसहभागीतामूलक र पारदर्शी ढंगले सञ्चालन भएका छन् भन्ने बारेमा तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?**

क) सन्तुष्ट ६५ प्रतिशत ख) ठिकै ३१ प्रतिशत ग) असन्तुष्ट ४ प्रतिशत

**४. विकास निर्माण सम्बन्धी योजनाहरु बनाउदाँ तपाई सहभागी हुनुभएको छ ?**

क) सधै हुने गरेको छु ३८ प्रतिशत ख) कहिलेकाही मात्र ४७ प्रतिशत ग) कहिले भएको छैन् १५ प्रतिशत

**५. तपाईको ठाउँमा खनिएका खडकको अवस्था कस्तो छ ? सडक सुरक्षा सम्बन्धी केहि भन्न चाहानुहुन्छ ?**

क) राम्रो छ सजिलो भएको छ ३८ प्रतिशत ख) सजिलो भएको छ तर जोखिम छ ४० प्रतिशत ग) सडक सुरक्षाको अवस्था जटिल छ २२ प्रतिशत

**६.बस्ती स्तरमा योजना छनोट गर्दा तपाईका भनाई तथा माग कति सुनिन्छन् ?**

क) राम्रो संग सुनिन्छन् ५१ प्रतिशत ख) ठिकै ४८ प्रतिशत ग) वास्ता गरिदैन् १ प्रतिशत

**७. जातिय भेदभाव लगायत अन्य भेदभाव र हिंसा घटाउन स्थानिय तहको बजेट कतिको समाबेशी पाउनुहुन्छ ?**

क) राम्रो छ ६० प्रतिशत ख) ठिकै ३३ प्रतिशत ग) केहि छैन् ७ प्रतिशत

**८. लक्षित वर्ग (दलित, महिला, र पछाडी पारिएका समुदाय)का लागि छुट्याइएको बजेट समयमा सहि तरिकाले कार्यान्वयन हुन्छ की हुदैंन् ?**

क) समयमा हुन्छ ७९ प्रतिशत ख) केहि हुन्छन् २० प्रतिशत ग) हुदैंन् १ प्रतिशत

**९. बजेट र योजना छनोट प्रक्रिया पारदर्शी भए जस्तो लाग्छ कि लाग्दैन् ।**

क) पारदर्शी छ १७ प्रतिशत ख) ठिकै छ १९ प्रतिशत ग) छैन् १ प्रतिशत

**१०.स्थानियतहको योजना बनाउदा तपाईको अर्थात तपाईको बस्तीको मागलाई महत्व दिइन्छ भन्ने कुरामा तपाई कति विश्वस्त हुनुहुन्छ ।**

Jeet Media & Entertainment PVT.LTD.

CamScanner

क) विश्वस्त छु ८२ प्रतिशत ख) कम विश्वस्त ८ प्रतिशत ग) विश्वस्त छैन् १० प्रतिशत

**११. स्थानियतहले स्थानिय आवस्यकता र सम्भावनाका योजना प्राथमिकिकरण गर्न सकेको छ भन्ने बारेमा तपाई कतिको विश्वस्त हुनुहुन्छ ?**

क) विश्वस्त छु ७७ प्रतिशत ख) कम विश्वस्त २२ प्रतिशत ग) विश्वस्त छैन् ३ प्रतिशत

**१२. महिला हिंसाका घटना घट्ने गरेको बारेमा तपाईलाई कतिको थाहा छ ?**

क) थाहा छ ७१ प्रतिशत ख) कम छ २५ प्रतिशत ग) थाहा छैन् ४ प्रतिशत

**१३. हिंसाका घटनामा उजुरी दर्ता गर्ने र अनुसन्धान गर्ने क्रममा प्रहरीको व्यवहार कस्तो पाउनुभएको छ ?**

क) धेरै सहयोगी ५२ प्रतिशत ख).ठिकै ४७ प्रतिशत ग) असहयोगी १ प्रतिशत

**१४. शान्ती सुरक्षाको अवस्था कस्तो पाउनुभएको छ ?**

क) सुरक्षित ७७ प्रतिशत ख) ठिकै १९ प्रतिशत ग) असुरक्षित २

**१५. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने समय, प्रक्रिया(कहिले, कति, कसरी र कहाँबाट) बारेमा स्थानियतहबाट दिइने सुचना र जानकारी प्रति कतिको सन्तुष्ट हुनुहुन्छ ?**

क) सन्तुष्ट ७७ प्रतिशत ख) ठिकै १९ प्रतिशत ग) असन्तुष्ट २ प्रतिशत

**१६. विद्यालयमा छात्रवृति वितरण अनुसार नियमित र पारदर्शी छ भन्ने कुरामा कति विश्वस्त हुनुहुन्छ ?**

क) विश्वस्त छु ९३ प्रतिशत ख)कम विश्वस्त ३ प्रतिशत ग) विश्वस्त छैन् ४ प्रतिशत

**१७. स्वास्थ्य संस्थाहरुले दिने निशुल्क औषधी र उपचार सेवाका विषमा कतिको सन्तुष्ट हुनुहुन्छ ?**

क) सन्तुष्ट ७७ प्रतिशत ख) ठिकै २२ प्रतिशत ग) असन्तुष्ट १ प्रतिशत

**१८. उपभोक्ता समिति गठन गर्दा सहभागीतामुलक समावेशी छ भन्ने कुरामा र यसको प्रक्रियाको बारेमा कतिको सन्तुष्ट हुनुहुन्छ ?**

क) सन्तुष्ट ७१ प्रतिशत ख) ठिकै २५ प्रतिशत ग) असन्तुष्ट ४ प्रतिशत

**१९. सेवा प्रदायक संस्थाहरुबाट प्रदान गरिनेसेवा कति भरपर्दो छ ।**

क) राम्रो छ ५० प्रतिशत ख) ठिकै छ ४४ प्रतिशत ग) राम्रो छैन् ६ प्रतिशत

**२०. स्थानिय स्तरबाट प्रवाह गरिने सेवा, सूचना, पहुँच, र निश्पक्षता(कृषि, पशु, स्वास्थ्य, शिक्षा र वडा तथा गाउँपालिकाबाट प्राप्त हुने सिफारिसका बारेमा कतिको सन्तुष्ट हुनुहुन्छ ?**

क) सन्तुष्ट ६८ प्रतिशत ख) ठिकै ३१ प्रतिशत ग) असन्तुष्ट १ प्रतिशत

Jeet Management PVT. LTD.

CamScanner